# प्रस्तावना

नयाँ करारको यो अनुवाद साधारण मानिसहरूको, साथै केटाकेटीहरूको विशेष अवश्यक्तालाई पूरा गर्नको निम्ति प्रस्तुत गरिएको छ। साथै जसले भर्खरै मात्र लेख्न र पढन शुरु गरेका छन् तिनीहरूको अवस्थालाई ध्यानमा राखेर सरल अनि छोटो वाक्यहरूको प्रयोग गरि अनुवाद गरिएको छ। यो अनुवाद एक मार्गदर्शनको निम्ति एउटा संचार माध्यम हुन सकोस। अनुवादकले पाठकहरूको विशेष ध्यान राखी बाइबलको लेखकहरूको सन्देश स्वभाविक र वास्तविक तबरले प्रस्तुत गरे जस्तै कि मुख्य भाषामा पुरानो समयमा मानिसहरूको सम्मुख प्रस्तुत गरेका थिए। केटा-केटीहरू, मानिसहरू जो नेपाली भाषालाई विदेशी भाषाको रूपमा सिक्छन् अनि अन्य धेरैले पढ़नमा यस्तै कठिनाइँहरूको सामना गर्नुपर्छ। यो विशिष्टिकृत नेपाली अनुवाद यस्ता मानिसहरूलाई बुझेर पढ़नमा हुने सामान्य वाधाहरू पार गर्नमा सहायता होस् भन्ने दृष्टिकोणले तयार गरिएकोछ।

धर्म-शास्त्रको यो अनुवादको कार्यमा उत्तम अनुवाद नै  उत्तम संचार हो भन्ने धारणाले मार्ग-प्रदर्शन गरेको छ। पाठकहरूको समक्ष बाइबलका लेखकहरूको सन्देश त्यस्तै स्वाभाविकता अनि वास्तविकतासित प्रस्तुत गर्ने अनुवाद कर्त्ताहरूले विशेष ध्यान दिएका छन् जस्तो मूल भाषामा पुराना समयका मानिसहरूका समक्ष प्रस्तुत गरिएका थिए। विश्वासनीय अनुवादको मतलब शब्दहरूलाई शब्दकोषसित मिलाउनु मात्र होइन। यो एक यस्तो प्रक्रिया हो जसद्वारा यस्तो प्रकारले मूल सन्देशलाई प्रस्तुत गरिन्छ कि त्यसको अर्थ केवल एकै मात्र न भएर सुन्नमा पनि त्यो त्यस्तै ठीक अनि त्यस्तै आकर्षक पनि होस अनि प्रभाव पनि त्यस्तै होस् जस्तो हजारौं वर्ष अघि थियो।

यो मूल-ग्रन्थको अनुवादकहरूका निम्ति प्रभावशाली संचारको विशेष महत्व छ। संसारको इच्छाले शुद्धता (सठीक पना) को महत्वलाई कम पारेको छैन। तर विचारहरूलाई विश्वसनीयरूपले प्रकाश गर्नुलाई शुद्धता सम्झिएको छ, त्यसको रूपात्मक विशेषतालाई ठीक सामंजस्य गर्नु होइन।

विशेषगरी नयाँ नियमको रचना प्रकाशित गर्ने, धर्मशास्त्रका लेखकहरूले संचार प्रति विशेष ध्यान दिएर भाषा अनि शैलीका प्रयोग गरेका देखिन्छन्। यो नेपाली अनुवादका अनुवादकहरूले यसलाई तयार गर्नमा यो कुरालाई अनुसरण गर्ने प्रमुख उदाहरण ठाने। यसर्थ आफ्ना विशेष श्रोताहरूलाई बाइबल धर्मशास्त्रको अर्थ सरल अनि स्वाभाविक रूपमा पुऱ्याउने तिनीहरूले परिश्रम गरे। बुझ्नमा बाधा सृष्टि गर्नको सट्टा नेपाली भाषाका विशाल अंशका निम्ति धर्मशास्त्रको सत्यता प्रकट गर्ने कुञ्जीको प्रबन्ध गर्ने गरी तिनीहरूले भाषाको प्रयोग गरेका छन्।

बुझ्नमा सहायता होस भन्ने हेतुले यो अनुवादमा अनेक विशेषताहरूको प्रयोग गरिएका छन्। शास्त्रमा भएका कठिन अनि अस्पष्ट शब्दहरू पछि कहीँ कहीँ संक्षिप्त व्यख्या अनि समार्थी शब्दहरू दिइएका

छन्। यस्ता व्याख्यात्मक शब्दहरू नियर्ग अक्षरमा लेखिएका छन्। शब्द अनि मुहावशा वाक् पद्धतिहरूलाई आवश्यक विस्तृत व्याख्याको पछि तारा चिह्न दिइएका छन् अनि पृष्ठको फेदमा पादटिप्पणी (संकेत) दिइएका छन्। त्यस माथि शास्त्रीय उद्धरणहरूको परिचय अनि परिवर्त्तित पठन पनि पाद-टिप्पणीमा दिइएका छन्। कहीँ कहीँ शब्द वा वर्णनहरू, जो सन्दर्भमा निहित छन्, जसलाई अर्थ स्पष्ट पार्न शास्त्रमा दिइएका छन्। यस्ता व्याख्यात्मक शब्द अनि वाक् पद्धतिहरूलाई अर्द्ध-कोष्टकद्वारा चिह्नित गरिएका छन्।

यो सुसमाचारमा, नयाँ नियमका प्रथम चार पुस्तकहरूमा, अंशका शीर्षकहरूको पछिबाट पार-निर्देश (क्रस-रेफरेन्स) दिइएका छन्। यिनीहरूले जहाँ एउटै वस्तु वा पदार्थ एक अथवा अन्य अनेक सुसमाचारहरूमा पाइन्छ त्यसको परिचय गराउँछ।

# भूमिका

नयाँ करार त्यो नाउँ हो जसलाई अनेक शताब्दीदेखि बाइबलको अन्तिम भाग निर्माण गर्ने लेख वा रचनाहरूको समूहको वर्णन गर्नमा प्रयोग गरिएको छ। यसर्थ बाइबल यथार्थमा पुस्तकहरूको दुइ समूह हो। वास्तवमा बाइबल शब्द "पुस्तकहरू" अर्थ भएको ग्रीक शब्दबाट आएको हो। अनुवाद गरिएको "टेस्टमेण्ट" शब्दलाई "करार" वा सम्झौताको अर्थमा प्रयोग गरिएको छ। यसले आफ्ना मानिसहरूलाई आशीर्वाद दिने परमेश्वरको वचनलाई निर्देश गर्छ। पुरानो करार लेख वा रचनाहरूको त्यो समूह हो जो मोशाको समयमा परमेश्वरले यहूदी मानिसहरूसित बाँध्नु भएको करारसित सम्बन्धित छ। नयाँ करार लेख वा रचनाहरूको त्यो समूह हो जसले येशू ख्रीष्ट प्रति विश्वास राख्ने मानिसहरूसित परमेश्वरले बाँध्नु भएको करारसित सम्बन्ध राख्छ।

पुरानो करारका लेख वा रचनाहरूले, परमेश्वरले गर्नु भएका महान कार्यहरूको विवरण दिन्छ जसले यहूदीहरू प्रति भएको परमेश्वरको व्यवहार बताउँछ अनि परमेश्वरको त्यस योजनाको बारेमा पनि बताउँछ जसद्वारा यी मानिसहरूलाई सारा संसारलाई आशीर्वाद ल्याउनका निम्ति प्रयोग गरिए। ती लेख वा रचनाहरूले आउनेवाला मुक्तिदाता (मसीह) तर्फ ईशारा गर्दछ जसलाई परमेश्वरले आफ्ना योजना प्राप्त गर्न पठाउने वाला थियो। नयाँ करारका लेखहरू पुरानो करारका कथाहरूका परिणाम हुन्। यिनीहरूले आउनेवाला मुक्तिदाता (येशू ख्रीष्ट)-को अनि सम्पूर्ण मानव जातिलाई उहाँको आगमनको मतलब वर्णन गर्नेछन्। पुरानो करार, नयाँ करार बुझ्नलाई आवश्यक छ किनभने पुरानो करारले आवश्यक पृष्ठ-भूमि प्रबन्ध गर्छ। अनि पुरानो करारमा प्रारम्भ भएको मुक्तिको कथालाई नयाँ करारले पूर्ण गर्दछ।

**पुरानो करार**

पुरानो करारका लेखहरू अनेक विभिन्न लेखकहरूले प्रकाशित गरेका ३९ विभिन्न पुस्तकहरूका संग्रह हुन्। ती विशेष रूपले प्राचीन इस्राएलको भाषा हिब्रूमा लेखिएका छन्। केही अंश बेबिलोन साम्राज्यको सरकारी भाषा आरमेइकमा लेखिएका छन्। पुरानो करारका अंशहरू ३,५०० वर्ष भन्दा अधिक अघि लेखिएका थिए अनि प्रथम पुस्तकको रचना अनि आखिरी पुस्तकको रचना माझ १,००० भन्दा अधिक वर्षको अन्तर छ। यो संग्रहमा व्यवस्था, इतिहास, गद्य, गीत, पद्य अनि ज्ञानी मानिसहरूका उपदेशका पुस्तकहरू संग्रहित छन्।

पुरानो करारलाई तीन प्रमुख अंशमा विभाजन गरिएको छ। व्यवस्था, अगमवक्ताहरु अनि पवित्र लेखहरू। व्यवस्थामा पाँच पुस्तकहरू छन् जसलाई "मोशाका पाँच पुस्तकहरू" भनिन्छ। प्रथम पुस्तक उत्पत्ति हो। यसले हामीले जाने झैं संसारको प्रारम्भ, प्रथम पुरूष अनि स्त्री, अनि तिनीहरूको प्रथम परमेश्वर विरूद्धको पापको बारेमा बताउँछ। यसले महा-जल-प्रलय अनि त्यस प्रलयबाट परमेश्वरले

बचाउँनु भएको परिवारको विषयमा बताउँछ अनि इस्राएल राष्ट्रको आरम्भ, विशेष उद्देश्यका निम्ति उपयोग गर्नलाई परमेश्वरले छान्नु भएका मानिसहरूको बारेमा बताउँछ।

**अब्राहामको कथा**

परमेश्वरले एक विश्वासपूर्ण व्यक्ति अब्राहामसित एक करार बाँधे। करारमा परमेश्वरले अब्राहामलाई एक महान राष्ट्रका पिता तुल्याउने अनि उनी र उनका सन्तानहरूलाई कनान-देश दिने वचन दिनुभयो। उनले करार स्वीकार गरे भनी देखाउनका निम्ति अब्राहामको खतना गरियो अनि खतना गराई परमेश्वर अनि उनका मानिसहरू माझ बाँधिएको करारको साक्षी वा प्रमाण बन्यो। परमेश्वरले बचन दिनुभएका कुराहरू कसरी गर्नु हुनेछ सो अब्राहामलाई थाहा थिएन तर अब्राहामले परमेश्वरलाई विश्वास गरे। यसले परमेश्वरलाई अत्यन्त खुशी तुल्यायो।

परमेश्वरले अब्राहामलाई मेसोपोटामीयाका हिब्रूहरू माझको आफ्नो घर छाड्नु भन्नुभयो अनि उनलाई वचन दिएको कनान देश (प्यालेसटाइन पनि भनिन्छ)-मा लानुभयो। आफ्नो बृद्ध अवस्थामा अब्राहामको इसहाक नाउँका एक पुत्र भए। इसहाकका याकूब नाउँका छोरा भए। याकूब (इस्राएल पनि भनिन्छ)-का बाह्र जना छोराहरू अनि एक जना छोरी थिए। त्यो परिवार इस्राएल राष्ट्र बन्यो, तर यसले कहिले पनि आफ्नो जन-जातीय मूललाई बिर्सेन। यसले स्वयंलाई इस्राएलका बाह्रजन जाती (वा परिवार समूह) हो भनी निर्देश गर्दै रहे - याकूबका बाह्रजना छोराहरूका सन्तानहरू: रूबेन, शिमियोन, लेवी, यहूदा, दान, नप्ताली, गाद, आशेर, इस्साकार, जबुलोन, यूसुफ अनि बिन्यामीन। तीन मुख्य पूर्वजहरू-अब्राहाम, इसहाक अनि याकूब (इस्राएल)-लाई इस्राएलका पिताहरू वा पितृ प्रधानहरू भनी भनिन्थ्यो।

अब्राहाम एक अन्य प्रकारका पिता पनि थिए। धेरै पल्ट प्राचीन इस्राएलमा आफ्ना निम्ति बोल्नका निम्ति परमेश्वरले केही मानिसहरूलाई बोलाउनु भयो। यी विशेष मानिसहरू वा अगमवक्ताहरू उहाँका अन्य मानिसहरूका निम्ति परमेश्वरका प्रतिनिधिहरू थिए। अगमवक्ताहरूद्वारा परमेश्वरले इस्राएलका मानिसहरूलाई वचनहरू, चेतावनीहरू, व्यवस्थाहरू, शिक्षाहरू, विगत अनुभवहरूबाट प्राप्त पाठहरू अनि भावी घटनाहरूको आधारमा आधारित पाठहरू प्रदान गर्नु भयो। धर्म शास्त्रमा बताइएका प्रथम अगमवक्ता "हिब्रू" अब्राहाम हुन्।

**दासत्वबाट मुक्त इस्राएल**

याकूब (इस्राएल)-का परिवार बढ़ेर गए अनि त्यसमा प्राय: उनका सत्तरी सन्तानहरू संलग्न भए। उनका एक जना छोरा, यूसुफ मिश्र देशका एक उच्च अधिकारी बने। समय कठिन थियो, यसर्थ यूसुफ अनि तिनका परिवार मिश्रदेशमा सरे जहाँ खाद्य आहार प्रशस्त थियो अनि जीवन सुगम थियो। हिब्रूहरूको यो जन जाति एक सानो राष्ट्रमा बढ़े अनि फिरऊन (मिश्रदेशका राजा)-ले यी मानिसहरूलाई दास तुल्याए। निर्गमनको पुस्तकले हामीलाई बताउँछ कि दासत्वको चारसय वर्षपछि इस्राएलका मानिसहरूलाई आखिरमा छुटकारा दिन र तिनीहरूलाई प्यालेष्टाइन फर्काएर लान परमेश्वरले कसरी अगमवक्ता मोशाको उपयोग गरे। छुटकाराको मूल्य भारी पर्‍यो तर त्यो मूल्य मिश्रवासीहरूले तिर्नु पर्‍यो। फिरऊन अनि मिश्रदेशका सबै परिवारहरूले, मानिसहरूलाई मुक्त अनि जानदिन फिरऊनले स्वीकार गर्न अघिनै, आफ्ना प्रथम पुत्रहरू गुमाउनु पर्‍यो। पहिलो जन्मेकोहरू मर्नु पर्‍यो जसद्वारा मानिसहरू मुक्त भई जान सके अनि पछि इस्राएलका मानिसहरूले आफ्ना आराधना अनि बलिदानहरूमा धेरै प्रकारले संझना गर्दथे।

इस्राएलका मानिसहरू स्वतंत्रताको आफ्नो यात्राका निम्ति तयार थिए। मिश्र देशबाट उम्कनका निम्ति तिनीहरूले वस्त्र पहिरेका थिए। प्रत्येक परिवारले  एक एक वटा थुमा मारेर पोलेका थिए। तिनीहरूले थुमाको रगत आफ्ना ढोकाको खम्बामा परमेश्वरका निम्ति विशेष चिन्हको रूपमा लगाए। तिनीहरूले हतारसित अखमिरी रोटी पोले अनि आफ्ना भोजनखाए। त्यस रात प्रभुका स्वर्गदूत त्यो देश भएर गए। जसको ढोकाको खम्बामा थुमाको रगत लगाएको थिएन त्यस परिवारको प्रथम जन्मको मृत्यु भयो। इस्राएलका मानिसहरूलाई मुक्त गरियो। तर जसै ती दासहरू मिश्रदेश छाड्न आँटेका थिए। फिरऊनले आफ्नो मन परिवर्त्तन गऱ्यो। तिनले इस्राएली दासहरूलाई समातेर तिनीहरूलाई फर्काइ ल्याउन भनी आफ्ना सेना पठाए, तर परमेश्वरले आफ्ना मानिसहरूलाई बँचाउनु भयो। परमेश्वरले लाल सागरलाई चिर्नु (फ्याँक पार्नु) भयो, आफ्ना मानिसहरूलाई छुटकारा दिनका निम्ति तिनीहरूलाई अर्कोतिर पुऱ्याउनु भयो अनि पिछा गर्ने मिश्री सेनाहरूलाई नष्ट गरिदिनु भयो। तब अरबी उपद्वीपको कुनै स्थानमा, सिनाइ सीनै मरूभूमिको एक पर्वतमा परमेश्वरले ती मानिसहरूसित विशेष करार बाँध्नु भयो।

**मोशाको व्यवस्था**

परमेश्वरद्वारा इस्राएलका मानिसहरूको उद्धार गराइ अनि सीनैमा तिनीहरूसित उहाँका करार बँधाइले यो जातिलाई अन्य सबै देखि अलग तुल्याए। यो करारमा इस्राएलका मानिसहरूका निम्ति बचनहरू अनि व्यवस्थाहरू निहित छन्। दश आदेशको रूपमा जानिने यो करारको अंश परमेश्वरले दुइवटा शिला-पटमा लेख्नु भएको थियो अनि मानिसहरूलाई दिनु भएको थियो। यी आदेशहरूमा ती मूल सिद्धान्तहरू निहित थिए जसद्वारा परमेश्वरको इच्छा अनुसार इस्राएलका मानिसहरूले आफ्नो जीवन विताउनु पर्ने थियो। ती सिद्धान्तहरूमा भए अनुसार इस्राएलीहरूले आफ्ना परमेश्वर, आफ्ना परिवार एवं आफ्ना जीवनका अन्य मानिसहरू प्रति आफ्नो कर्त्तव्य पालन गर्नु थियो।

दश आदेश अनि शेष करारहरू अनि सीनै पर्वतमा दिएका उपदेश “मोशाका व्यवस्था” अथवा “व्यवस्था” का नाउँमा जानिन लागिए। धर्म शास्त्रका प्रथम पाँच पुस्तकहरूलाई निर्देश गर्न धेरै पल्ट अनि प्राय: सम्पूर्ण पुरानो करारलाई निर्देश गर्न यी शब्दहरूको व्यवहार भएका छन्।

दश-आदेश अनि जीवन चरित्रका अन्य करारहरू बाहेक मोशाको व्यवस्थामा पूजाहारीहरू, बलिदानहरू, उपासना अनि पवित्र दिवसहरू सम्बन्धित करारहरू निहित छन्। यी करारहरू “लेवी” को पुस्तकमा पाइन्छ। मोशाको व्यवस्था अनुसार समस्त पूजाहारीहरू अनि तिनीहरूका सहायकहरू लेवी वंशबाट आएका हुन्। यी सहायकहरूलाई लेवाती भनिन्थ्यो। सर्व प्रमुख पूजाहारीलाई प्रधान पूजाहारी भनिन्थ्यो।

व्यवस्थामा इस्राएलका मानिसहरू परमेश्वरको आराधना गर्न जाने स्थान, पवित्र तम्बू वा भेट हुने तम्बूको निर्माण गर्ने निर्देश संलग्न छ। यसमा आफ्ना आराधनामा चाहिने समस्त चीजहरू बनाउने निर्देशहरू पनि थिए। यसले इस्राएलीहरूलाई यरूशलेममा सियोन पर्वतमा मन्दिर निर्माण गर्नमा तयार पारे जहाँ पछि तिनीहरू परमेश्वरको आराधना गर्न जानेछन्। बलिदान अनि आराधना सम्बन्धित करारहरूले इस्राएलीहरूलाई तिनीहरू एक अर्का प्रति अनि परमेश्वरको विरुद्धमा पाप गरिरहेछन् भनेर जान्न वाध्य तुल्याए। तर ती करारहरूले तिनीहरूलाई क्षमागर्ने अनि एकअर्कासित एवं परमेश्वरसित फेरि एकहुने मार्ग पनि देखाए। यी बलिदानहरूले, संसारका सम्पूर्ण मानिसहरूलाई दिन परमेश्वरले तयार गरिरहनु भएको बलिदानलाई राम्ररी बुझ्ने मार्ग प्रस्तुत गरे।

त्यो व्यवस्थामा केही पवित्र दिवसहरू वा उत्सवहरू मनाउने निर्देशहरू निहितछन्। प्रत्येक उत्सवको त्यसको आफ्नै विशेष अर्थ थिए। कोही उत्सवहरू वर्षका विशेष समयको उत्सव मनाउने खुशीका अवसरका थिए जस्तै प्रथम फलका फसल कटाइ उत्सव, शबाथ (पेन्तेकस्ट वा सप्ताहका उत्सव) अनि सुक्कोथ (आश्रयको उत्सव)।

केही उत्सवहरू परमेश्वरले आफ्ना मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको संभना गर्नका निम्ति थिए। निस्तार पर्व यस्तो एक उत्सव थियो। हरेक परिवार मिश्रदेशबाट उम्केको कुरा संभन्थे। मानिसहरू परमेश्वरको स्तुतिका गानाहरू गाउँथे। एउटा थुमा मार्थे अनि भोजन तयार गर्थे। दाखरसका हरेक प्याला, अनि भोजनले मानिसहरूलाई, परमेश्वरले कसरी तिनीहरूलाई पीढ़ा अनि कष्टको जीवन देखि छुटकारा दिनु भएको थियो त्यसको संभना गराउँद थियो।

अन्य उत्सवहरू अत्यन्त गम्भीर थिए। हरेक वर्ष, प्रायश्चितको दिन मानिसहरूले, तिनीहरूले अरूहरू प्रति गरेका अनि परमेश्वर प्रति गरेका अनेक दुष्कर्महरू सम्भन्थे। यो दिन अफसोसको दिन हुन्थ्यो अनि मानिसहरूले खानपिन गर्दैन थिए। तर त्यसदिन उच्च पूजाहारीले तिनीहरूका सबै पापलाई क्षमा प्रदान गर्नका निम्ति विशेष बलिदान चढाउँद थिए।

परमेश्वर अनि इस्राएल माभको करार पुरानो करारका लेखकहरूका निम्ति खूबै महत्वपूर्ण थियो। प्राय: समस्त अगमवक्ताहरूका पुस्तक अनि पवित्र लेखहरू इस्राएल राष्ट्र अनि इस्राएलका हरेक नागरिकहरूले “परमेश्वरसित बाँधेका विशेष करार” वा समान्यरूपले “करार” भन्दछन्। तिनीहरूका इतिहास पुस्तकले घटनाहरूलाई करारको प्रकाशमा नै व्यख्या गर्दछ। यदि व्यक्ति अथवा राष्ट्र परमेश्वर अनि करार प्रति विश्वासी भए परमेश्वरले तिनीहरूलाई पुरस्कार दिनु हुन्थ्यो। यदि मानिसहरूले करार त्याग गरे तब परमेश्वरले तिनीहरूलाई दण्डित तुल्याउनु हुन्थ्यो। परमेश्वरले परमेश्वरसित तिनीहरूको करार संभाउनलाई आफ्ना अगमवक्ताहरू पठाउनु भयो। इस्राएलका कविहरूले परमेश्वरले आफ्ना आज्ञाकारी मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको गाना गाए अनि परमेश्वरको आज्ञा उलङ्घन गर्नेहरू माथि आइपरेको पीढ़ा अनि दण्ड प्रति अफसोस प्रकट गरे। यी लेखकहरूले आफ्ना सही अनि गलत धारणा करारको शिक्षामा आधारित गरे। अनि जब निर्दोष मानिसहरूले यातना भोगे तब त्यसो किन भयो भनी बुझ्न कविहरूले संघर्ष गरे।

**इस्राएलको राज्य**

प्राचीन इस्राएलको कथा परमेश्वरलाई परित्याग गर्ने मानिसहरूको, परमेश्वरले मानिसहरूको उद्धार गर्नु भएको परमेश्वर तर्फ फर्केर आउने अनि आखिरमा फेरि परमेश्वरको परित्याग गर्ने मानिसहरूको कथा हो। यो चक्र मानिसहरूले परमेश्वरको करार स्वीकार गरेको तुरन्तबाद शुरू भयो अनि यसको पुनरावृत्ति घरि घरि भइ रह्यो। सियोन पर्वतमा इस्राएलका मानिसहरूले परमेश्वरको अनुसरण गर्ने कुरा स्वीकार गरेका थिए अनि त्यसपछि तिनीहरूले विद्रोह गरे अनि ४० वर्षसम्म तिनीहरू मरूभूमिमा भटकिन वाध्य भए। अन्तमा मोशाका सहायक यहोशूले मानिसहरूलाई प्रतिज्ञा गरिएको देशमा पुऱ्याए। यो एक विजयको प्रारम्भ थियो अनि इस्राएल देशको आंशिक बन्दोबस्त थियो। बन्दोबस्तको प्रथम केही शताब्दी सम्म मानिसहरूलाई न्यायधीश कहलाइने स्थानीय अगुवाहरूले शासन गरे।

आखिरमा (परिणाममा) मानिसहरू एक राजा चाहन्थे। प्रथम राजा शावल थिए। शावलले परमेश्वरको आज्ञा पालन गरेनन् यसर्थ परमेश्वरले दाऊद नाउँको एक भेंड़ा-गोठालालाई नयाँ राजा चुन्नु भयो।

अगमवक्ता शामूएल आएर तिनलाई इस्राएलको राजाको रूपमा अभिषेक गर्दै तिनको शिरमा तेल खन्याए। इस्राएलका भावी राजाहरू यहूदाका जनजातिका तिनका सन्तानहरू हुनेछन् भनी परमेश्वरले दाऊदलाई बचन दिनुभयो। दाऊदले यरूशलेम नगरलाई विजय गरे अनि त्यसलाई आफ्नो राजधानी अनि भावी मन्दिरको स्थल बनाए। तिनले पूजाहारीहरू, अगमवक्ताहरू, गीतलेखकहरू, सङ्गीतकारहरू, गायकहरूलाई मन्दिरको आराधनाका निम्ति व्यवस्थित तुल्याए। दाऊदले स्वयं अनेक गीतहरूको रचना गरे, तर परमेश्वरले तिनलाई मन्दिर निर्माण गर्न दिनु भएन।

जब दाऊद बृद्ध भए अनि मरण अवस्थामा थिए तिनले आफ्ना छोरा सुलेमानलाई इस्राएलका राजा बनाए। दाऊदले आफ्ना छोरालाई सर्वदा परमेश्वरको अनुसरण गर्नु अनि करारको पालन गर्नु भनी सावधान गराए। राजाको रूपमा सुलेमानले मन्दिर निर्माण गरे अनि इस्राएलको सीमाना विस्तार गरे। यी सम्पूर्ण समयमा इस्राएल आफ्नो गौरवको उच्च शिखरमा थियो। सुलेमान प्रसिद्ध भए अनि इस्राएल सुदृढ़ बन्यो।

**यहूदा अनि इस्राएल - विभाजित राज्य**

सुलेमानको मृत्युपछि नागरिक-विवाद उत्पन्न भयो। अनि राष्ट्र विभाजित भयो। उत्तरी दशजना जातिले स्वयंलाई इस्राएल कहलाउन थाले। दक्षिणी जनजातीले स्वयंलाई यहूदा भन्न थाले। (आधुनिक शब्द "यहूदी" यही नाउँबाट आएको हो।) यहूदा करार प्रति विश्वासी रहे अनि यहूदालाई पूर्णरूपले विजय नगरे सम्म अनि यसका मानिसहरूलाई बेबिलोनहरूले देश निकाला गरेर नलगे सम्म दाऊदका बंश (राजाहरूका परिवार)ले यरूशलेममा शासन चलाइरहे।

उत्तरीराज्य (इस्राएल)मा अनेक वंशहरू आए अनि गए, किनभने मानिसहरूले करारको पालन गरेनन्। इस्राएलका राजाहरूको निम्ति भिन्न समयमा अनेक राजधानी नगरहरू भए जुन मध्ये आखिरी सामरिया थियो। मानिसहरूमाथि तिनीहरूको अधिकारलाई मजबुत तुल्याउनका निम्ति इस्राएलका राजाहरूले परमेश्वरको आराधना गर्ने तरिका परिणत गरे। तिनीहरूले नयाँ पूजाहारीहरू छाने अनि तिनीहरूले दुइवटा नयाँ मन्दिरहरू निर्माण गरे: एउटा मन्दिर दानमा (इस्राएलको उत्तरी सीमानामा) अनि अर्को मन्दिर बेथेलमा (इस्राएलको यहूदा सितको सीमानामा)। इस्राएल अनि यहूदा माफ अनेक युद्धहरू भए।

नागरिक युद्ध अनि विपत्‌को समयमा परमेश्वरले यहूदा अनि इस्राएलमा अनेक अगमवक्ताहरू पठाउनु भयो। कोही अगमवक्ताहरू, पूजाहारीहरू, कोही कृषकहरू थिए। कोही राजाका परामर्शदाताहरू थिए, अन्यहरू सामान्य जीवन बिताउनेहरू थिए। केही अगमवक्ताहरूले आफ्ना उपदेशहरू अथवा अगमवाणीहरू लेखे, अरू धेरैले लेखेनन्। तर समस्त अगमवक्ताहरूले न्याय, उचितता अनि सहायताको निम्ति परमेश्वरमा भर पर्ने कुराहरू प्रचार गरे।

धेरै अगमवक्ताहरूले यो चेतावनी दिए कि मानिसहरू परमेश्वर तर्फ फर्केनन् भने तिनीहरू परस्त हुनेछन् अनि छरपष्ट हुनेछन्। यी अगमवक्तहरू मध्ये कतिले भविष्यको गौरव अनि साथै भविष्यको दण्डका दर्शन पाएका छन्। यिनीहरू मध्ये धेरैले त्यो समयलाई हेरि रहेका छन् जब राज्यको शासन गर्न नयाँ राजा आउने छन्। कसैले यो राजालाई दाऊदका सन्तानको रूपमा देखेका छन् जसले परमेश्वरका मानिसहरूलाई एक नयाँ सुनौलो युगमा लानेछन्। यो राजाले सदा सर्वदा एक अनन्त राज्यमा शासन गर्नेछ भनी कतिजना भन्छन्। अरूहरूले तिनलाई एक सेवकको रूपमा देखेका छन्

जसले आफ्ना मानिसहरूलाई परमेश्वर तर्फ फकाई ल्याउनलाई अनेक कुराको यातना भोग्ने छन्। तर ती सबैले तिनलाई एक मसीहको रूपमा, नयाँ युग ल्याउनलाई परमेश्वरद्वारा चुनिएका एक को रूपमा देखेका छन्।

## इस्राएल अनि यहूदाको ध्वंश

इस्राएलका मानिसहरूले परमेश्वरको चेतावनी सुनेनन्, यसर्थ ७२२ वा ७२१  खीष्ट पूर्व मा सामरिया अस्सिरीयाको आक्रमणकारीहरूको हातमा पर्‍यो। इस्राएलका मानिसहरूलाई तिनीहरूका घरबाट लगिए अनि अस्सिरीया साम्राज्य भरि छरपष्ट पारिदिए, तिनीहरू यहूदाका आफ्ना भाइ बहिनीहरूद्वारा गुमिए। अस्सिरीयाहरूले, त्यसपछि, इस्राएल देशमा पुनः बसाउन विदेशीहरू ल्याए। यी मानिसहरूलाई यहूदा अनि इस्राएलका धर्मका बारेमा सिकाइए अनि तिनीहरू मध्ये धेरैले करारको अनुसरण गर्ने प्रयास गरे। यी मानिसहरू सामरीया भनेर जानिन थालिए। अस्सिरीयाहरूले यहूदा माथि विजय प्राप्त गर्ने कोशिश गरे। धेरै नगरहरू आक्रमणकारीहरूको हातमा पर्‍यो तर परमेश्वरले येरूशलेमलाई  बचाँउनु भयो। अस्सिरीयाका  पराजित राजा आफ्ना देशमा फर्के अनि त्यहाँ तिनका दुइजना छोराहरूले तिनको हत्या गरे। यसरी यहूदालाई बचाईंयो। यसरी यहूदा बाँच्यो।

अल्प समयको निम्ति यहूदाका मानिसहरू परिवर्त्तन भए। तिनीहरूले अल्प समयको निम्ति परमेश्वरको आज्ञा पालन गर्न थाले तर तिनीहरूलाई पनि आखिरमा परास्त गरियो अनि छरपष्ट परियो। बेबीलोन राष्ट्र शक्तिमा आयो अनि यहूदा माथि आक्रामण गर्‍यो। पहिला तिनीहरूले केही कम प्रमुख मानिसहरूलाई कैदी बनाएर लगे। तर केही वर्ष पछि ५८७ वा ५८६ खीष्ट पूर्व मा यरूशलेम अनि मन्दिरलाई नष्ट गर्न तिनीहरू फर्केर आए। केही मानिसहरू मिश्रदेश तिर उम्के तर धेरै जस्तो तिनीहरूलाई दासको रूपमा बेबीलोनमा लगियो। परमेश्वरले फेरि मानिसहरूकहाँ अगमवक्ताहरू पठाउनु भयो अनि तिनीहरूले सुन्न थाले। यस्तो लाग्थ्यो कि मन्दिर अनि यरूशलेमको ध्वंश अनि बेबीलोनमा देश निकालाले मानिसहरूमा वास्तविक परिवर्त्तन ल्यायो। अगमवक्ताहरूले नयाँ राजा अनि तिनको राज्यको बारेमा अधिक भन्दा अधिक बोल्नलागे। एक जना अगमवक्ता, यर्मियाले एक नयाँ करारको कुरा धरी गरे। यो नयाँ करार शिला-पटमा लेखिने छैन तर परमेश्वरका मानिसहरूको हृदयमा हुनेछ।

## यहूदीहरू प्यालेष्टाइन फर्कन्छन्

त्यतिबेला मेदो-पारसी साम्राज्यमा साइरस शक्तिमा आए अनि बेबीलोन विजय गरे। साइरसले मानिसहरूलाई आफ्नो देश फर्कन दिए। यसरी ६० वर्षको देश निकाला पछि यहूदाका धेरै मानिसहरू घर फर्की गए। मानिसहरूले आफ्नो राष्ट्रको पुनः निर्माण गर्ने प्रयास गरे, तर यहूदा सानो अनि कमजोर नै रह्यो। मानिसहरूले मन्दिर फेरि निर्माण गरे तथापि त्यो सुलेमानले निर्माण गरेको जतिको सुन्दर भएन। धेरै जस्ता मानिसहरू साँच्चै नै परमेश्वर तर्फ फर्किए अनि व्यवस्था, अगमवक्ताहरूको लेखहरू अनि अन्य पवित्र लेखहरूको अध्ययन गर्न लागे। धेरै मानिसहरू शास्त्री (विशेष विद्वान) हरू भए, जसले धर्म शास्त्रका प्रति लिपिहरू बनाए। मानिसहरू अध्ययन गर्न, प्रार्थना गर्न अनि साथमा परमेश्वरको आराधना गर्न शबाथमा भेट गर्न थाले। तिनीहरूको सभाहरूमा तिनीहरूले धर्म-शास्त्रहरूको अध्ययन गर्थे अनि धेरै मानिसहरू मसीह आउने बाटो हेर्न थाले।

पश्चिममा महान अलेक्जाण्डरले ग्रीसको नियन्त्रण प्राप्त गरे अनि शीघ्र संसार जिते। तिनले ग्रीक भाषालाई, दस्तुर अनि ग्रीक संस्कृतिलाई संसारको विभिन्न भागमा फैलाए। जब तिनको मृत्युभयो

तिनको राज्य विभाजित भयो अनि चाँड़ै अर्को साम्राज्य खडाभयो अनि जानिएको वा थाहा भएको संसारको विशाल भागको, प्यालेष्टाइन सहित, जहाँ यहूदाका मानिसहरू बस्थे, अधिकार लाभ गऱ्यो।

नयाँ शासक रोमीहरू प्राय: निष्ठुर अनि कठोर थिए अनि यहूदीहरू गर्विला अनि विद्रोही थिए। यी आपदका समयमा त्यहाँ धेरै यहूदीहरू थिए जो तिनीहरूको आफ्नै जीवन कालमा मसीहको आगमन पर्खिरहेका थिए। यहूदीहरू केवल परमेश्वरले, अनि परमेश्वरले तिनीहरूलाई पठाइदिन्छु भन्नु भएको मसीहद्वारा शासन भएको चाहन्थे। परमेश्वरले मसीहद्वारा संसारलाई बँचाउने योजना गर्नु भएको कुरा तिनीहरूले बुझेका थिएनन्। परमेश्वरको योजना संसारबाट यहूदीहरूलाई बँचाउने थियो भनी तिनीहरूले सोचेका थिए। केही यहूदीहरू परमेश्वरले आफ्ना मसीह पठाउनु भएको समय पर्खनमा सन्तुष्ट थिए। तर अरूहरूले परमेश्वरले आफ्ना नयाँ राज्य स्थापना गर्नु हुने कुरामा सहायता गर्ने निश्चय गरेका थिए। यी यहूदीहरूलाई "जिलौती" भनिन्थ्यो। जिलौतीहरूले रोमीहरूको विरूद्ध लड्ने प्रयास गरे अनि प्राय: रोमीहरूसँग सहयोगिता गर्ने अन्य यहूदीहरूलाई मारे।

**यहूदी धार्मिक समूहहरु**

ख्रीष्ट पूर्व प्रथम शताब्दी सम्ममा मोशाको व्यवस्था यहूदीहरूका निम्ति अत्यन्त महत्वपूर्ण हुन गयो। मानिसहरूले व्यवस्थाको अध्ययन गरे अनि त्यसमाथि बहस गरे। मानिसहरूले विभिन्न प्रकारले व्यवस्थालाई बुझे, तर धेरै यहूदीहरू त्यो व्यवस्थाको निम्ति मर्न तयार थिए। यहूदीहरू माझ तीन प्रमुख धार्मिक समूह थिए अनि प्रत्येक समूहमा शास्त्री वा लेखा-पाल (न्यायवेत्ता वा विद्वान)हरू थिए।

**सदूकीहरू**

एक समूहलाई सदूकी भनिन्थ्यो। यो नाउँ शायद सादोक नाउँबाट आएको हो जो राजा दाऊदको समयमा प्रधान पूजाहारी थियो। धार्मिक विषयमा आफ्ना अधिकारी स्वरूप यी मानिसहरूले केवल व्यवस्था (मोशाका पाँच पुस्तकहरू)लाई स्वीकर गरेका थिए। व्यवस्थाले पूजाहारी अनि बलिदानहरू बारे धेरै कुरा सिकाएका थिए, तर यसले मृत्यु पछिको जीवनबारे केही सिकाएन। यसर्थ सदूकीहरू मानिसहरू बौरी उठेको कुरामा विश्वास गर्दैन थिए।

**फरिसीहरू**

अर्को समूहलाई फरिसी भनिन्थ्यो। यो शब्द "व्याख्यागर्नु" वा "पृथक गर्नु" अर्थ भएको हिब्रू शब्दबाट आएको हो। यी मानिसहरूले मोशाको व्यवस्था सामान्य मानिसहरूलाई सिकाउने वा व्याख्या गर्ने कोशिश गरे। फरिसीहरूले मोशाको समयतिर एक मौखिक परम्परा थियो भनी विश्वास गर्थे। तिनीहरूको विश्वास थियो कि हरेक पुस्ताका मानिसहरू मोशाको व्यवस्थालाई यस्तो प्रकारले व्याख्या गर्न सक्थे जो त्यस पुस्ताका मानिसहरूको आवश्यकतालाई पूरा गर्दछ। यसको मतलब फरिसीहरूले आफ्ना अधिकार स्वरूप मोशाको व्यवस्थालाई मात्र स्वीकार नगरेर अगमवक्ता, पवित्र लेखहरू अनि आफ्ना परम्परालाई पनि स्वीकार गर्दथिए। यी मानिसहरूले व्यवस्था अनि आफ्ना परम्परालाई अनुसरण गर्न खूबै कठिन प्रयास गरे। यसर्थ तिनीहरूले के खाए अनि तिनीहरूले के स्पर्श गरे त्यसबारे तिनीहरू अत्यन्त होशियार थिए। तिनीहरू आफ्ना हात धुनु अनि स्नान गर्नुमा सावधान थिए। तिनीहरूले यो पनि विश्वास गर्थे कि मानिसहरू बौरी उठ्छन् किनभने तिनीहरू सम्झन्थे कि धेरै अगमवक्ताहरूले यो भनेका छन् कि यो बौरी उठ्ने काम हुन्छ भनी।

**एस्सेनहरू**
तेस्रो समूह एस्सेनहरू थिए। यरूशलेममा धेरै जस्ता पूजाहारीहरू त्यस प्रकारले जीवन जिउँदैन थिए जुन प्रकारले परमेश्वर तिनीहरू बाँचेको चाहनु हुन्थ्यो। फेरि, रोमीहरूले धेरै प्रधान पूजाहारीहरूलाई नियुक्त गरेका थिए अनि यी केही मानिसहरू मोशाको व्यवस्था अनुसार पूजाहारी हुन योग्यका थिएनन्। यसले गर्दा यरूशलेममा आराधना अनि बलिदानहरू ठीक सितले गरिन्थ्यो भनी एस्सेनहरूले सोचेका थिएनन्। यसर्थ एस्सेनहरू निस्केर यहूदीय-मरूभूमिमा बस्न हिँड़े। तिनीहरूले तिनीहरूका आफ्नै समुदाय गठन गरे जहाँ केवल अन्य एस्सेनहरू आउन अनि बस्न सक्थे। एस्सेनहरूले परमेश्वरले मसीह पठाउनु हुनेछ अनि मन्दिर एवं पूजाहारीपनलाई पवित्र तुल्याउनु हुनेछ भनी उपवास बसे, प्रार्थना गरे अनि प्रतिक्षा गरे। धेरै विद्वानहरू यो विश्वास गर्छन् कि एस्सेनहरू कुनै प्रकारले कुमरान समुदायसित अनि कुमरान एवं यहूदीय मरूभूमि क्षेत्रका अन्य स्थानहरूमा पाइएका अनेक प्राचीन लेखहरूसित सम्बन्धित छन्।

**नयाँ करार**
परमेश्वरले आफ्ना योजना शुरूगर्नु भयो। उहाँले एक विशेष राष्ट्र चुन्नु भयो। उहाँले ती मानिसहरूसित एक करार बाँध्नु भयो जसले तिनीहरूलाई उहाँको न्याय अनि भलापनलाई बुझ्नका निम्ति प्रस्तुत गर्नेछन्। उहाँले अगमवक्ताहरू अनि कविहरूद्वारा नयाँ अनि अन्य भन्दा असल करारको आधारमा आधारित एक पूर्ण आध्यात्मिक "राज्य"को स्थापना गरी संसारलाई आशीष प्रदान गर्ने योजना बताउनु भएको थियो। यो योजना प्रतिज्ञा गरिएको मसीहको आगमन साथै प्रारम्भ हुनेछ। उहाँको आगमनको कुरा अगमवक्ताहरूले विशालरूपले विस्तारसित बताएका थिए। तिनीहरूले मसीहको जन्म कहाँ हुन्छ, कस्तो किसिमको व्यक्ति उनी हुन्छन् अनि उनले गर्नु पर्ने कार्यको विषयमा भनेका थिए। अब त्यो समय आइसकेको थियो मसीह आउने अनि नयाँ करार शुरूहुने।

नयाँ करारका लेखहरूले यो वर्णन गर्छ कि कसरी परमेश्वरको नयाँ करार प्रकट भयो अनि येशू जो ख्रीष्ट थिए (मतलब "एक अभिषेककृत" मसीह)ले कार्यान्वित गरेका थिए। तिनीहरूले यो सिकाउँछ कि यो नयाँ करार समस्त मानिसहरूका निम्ति थिए। अनि तिनीहरू भन्छन् कि प्रथम शताब्दीमा मानिसहरूले कसरी परमेश्वरको प्रेमको दयापूर्ण उपहारलाई ग्रहण गरे अनि नयाँ करारको एक अङ्ग बने। यी लेखहरूले परमेश्वरका मानिसहरूलाई यो संसारमा कसरी जिउनु त्यसबारे निर्देश दिन्छ। ती लेखहरूले ती आशीर्वादको पनि विवरण दिन्छ जो परमेश्वरले आफ्ना मानिसहरूसित एक पूर्ण अनि सार्थक जीवन यहाँ अनि मरण पछि उहाँसँगको जीवनको प्रतिज्ञा गर्नु भएको छ।

नयाँ करारका लेखहरूमा कमसेकम आठ भिन्न भिन्न लेखकहरूद्वार लेखिएका सत्ताईस भिन्नभिन्न पुस्तकहरू संलग्न छन्। ती सबैले ग्रीक भाषामा लेखे जो प्रथम शताब्दीमा-संसारमा सर्वत्र बोलिन्थ्यो। सम्पूर्ण लेखहरूको आधा भन्दा अधिक लेखहरू येशूले आफ्ना विशेष प्रतिनिधि वा सहायक हुनका निम्ति चुनेका चारजना "प्रेरित" व्यक्तिहरूले लेखेका थिए। यी मध्ये मत्ती, यूहन्ना अनि पत्रुस तीनजना पृथ्वीमा येशूका जीवनकालमा रहेका नजिकका बाहजना चेलाहरू मध्येका थिए। अर्को लेखक पावललाई येशूले अद्भूत प्रकारले दर्शन दिए पछि एक प्रेरितकोरूपमा चुनेका थिए।

"सुसमाचार" कहलाइने प्रथम चार पुस्तकहरूमा येशू ख्रीष्टका जीवन अनि मृत्युको अलग अलग विवरण छ। साधारणत: यी पुस्तकहरूले येशूका शिक्षा। पृथ्वीमा प्रकट हुनको उनको उद्देश्य अनि उनको मृत्युको विशेष महत्वलाई उनको सामान्य ऐतिहासिक विवरणलाई भन्दा अधिक जोर दिइएको

छ। चौथो पुस्तक यूहन्नाको सुसमाचारको यो कुरा विशेषरूपले साँचो हो वा यी चार पुस्तकहरूमा यूहन्नाको सुसमाचारको विशेष सत्यता छ। प्रथम तीन सुसमाचारहरू विषय-वस्तुमा प्राय: एकै छ। वास्तवमा एक पुस्तकको ज्यादा जस्ता सामग्री (लेख)हरू एक वा दुवै अन्यमा प्राय: एकै पाइन्छ। यद्यपि प्रत्येक लेखकहरूले विभिन्न श्रोतावर्गका निम्ति लेखिरहेछन् अनि प्रत्येक लेखकको दृष्टिमा केही भिन्न लक्ष्य भएको आभास पाइन्छ।

ती चार सुसमाचारहरूको पछि "कार्य" (प्रेरितका कार्य), येशूको मृत्यु पछिको घटनाहरूको इतिहास, आउँछ। यसले येशूका चेलाहरूले परमेश्वरको प्रेमको उपहार, जो समस्त मानिसहरूका निम्ति थियो, कसरी सम्पूर्ण संसारमा घोषित गरियो, सो बताएको छ। यसले बताउँछ कि यो "गोस्पेल" वा "सुसमाचार" को घोषणाले समस्त प्यालेष्टाइन अनि रोमन साम्राज्यमा ख्रीष्टीय धर्म (विश्वास) कसरी आपनाइयो। त्यो "कार्य" (प्रेरितका कार्य)को पुस्तक लूकाले लेखेका थिए जो आफूले लेखेका अधिकांश सामग्रीका (कुराका) प्रत्यक्षदर्शी थिए। लूका तेस्रो सुसमाचारका पनि लेखक थिए। तिनका दुइ पुस्तकमा तर्क-पूर्ण संगती छ किनभने येशूको जीवन बृत्तान्तको स्वाभाविक परिणती नै प्रेरितको काम हो।

"प्रेरितका काम" पछि व्यक्ति-व्यक्ति वा ख्रीष्टीयहरूका समूहहरूलाई लेखिएका पत्रहरूको संग्रह छ। यी पत्रहरू पावल अनि पत्रुस जस्ता येशूका दुइ प्रेरित ख्रीष्टीय अगुवाहरूबाट पठाइएका थिए। यी पत्रहरू त्यस समयका मानिसहरूलाई तिनीहरूले सामना गर्नु परिरहेका समस्याहरू निम्टाउनमा सहायताका निम्ति लेखिएका थिए। यी पत्रहरूले ती मानिसहरूलाई सुचनादिन, सुधार्न, सिकाउन अनि उत्साह दिन मात्र होइन तर समस्त ख्रीष्टीय मानिसहरूलाई तिनीहरूको विश्वास, पास्परिक जीवन अनि संसारमा तिनीहरूको जीवन सम्बन्धी तिनीहरूलाई सहायता प्रदान गर्न पनि लेखिएका थिए।

नयाँ करारका अन्तिम पुस्तक "प्रकाशित वाक्य" (प्रकाश) अन्य सबै पुस्तकहरू भन्दा भिन्नैछ। यसमा अति अलङ्कृत भाषा प्रयोग गरिएका छन् अनि यसका लेखक प्रेरित यूहन्नाले देखेका दिव्य-दर्शनको बारेमा तिनले बताएका छन्। यसका अनेक अलङ्कार अनि बिम्ब वा छाया पुरानो करारबाट लिइएका छन् अनि पुरानो करार पुस्तकसित तुलना गरे पछि मात्र त्यसलाई राम्रो सित बुझ्न सकिन्छ। यो अन्तिम पुस्तकले आफ्ना-प्रदर्शक अनि सहायक येशू-ख्रीष्ट तथा परमेश्वरको शक्तिद्वारा नराम्रो शक्ति माथि अन्तिम विजय प्राप्त गर्नका निम्ति विश्वासीहरूलाई उत्साहित गराउँछ।

**नयाँ नियमका पुस्तकहरू**

नयाँ नियमका निम्नलिखित विवरण प्रत्येक पुस्तक पढ्ने तयारीमा सहायक हुनेछ:

**मत्ती:** येशूका बाह्रजना नजिकका अनुयायीहरू मध्ये एक जनाको नाउँ मत्ती हो। मत्ती एक यहूदी तिरो संग्रह कर्त्ता थिए, जब तिनलाई येशूले उहाँका एक प्रेरितको रूपमा चुन्नु भयो। मत्तीको लेखहरूले तिनका आफ्ना यहूदी पृष्ठ-भूमि अनि अभिरूची प्रदर्शन गर्छ। तिनी विशेषरूपले येशूको जीवन कालमा नै पुरानो नियमका भविष्यवाणी पूर्ण भए कहाँ वा हुनुमा अभिरूची भए झैं प्रतीत हुन्थ्यो। मत्तीको पुस्तक वास्तवमा येशूका शिक्षाहरूमा केन्द्रित छ।

**मर्कूस:** जोन मर्कूस केही प्रेरितहरूका जवान सङ्गी थिए। मर्कूसको लेखन शैली संक्षिप्त अनि गती पूर्ण छ। मत्ती अनि लूकाले जस्तै तिनले येशूका शिक्षाहरू प्रति त्यति ध्यान दिएनन्। मर्कूसको लेख्ने उद्देश्य

रोम अयहूदी बुद्धिजीवी प्रति राखेका थिए अनि येशूका कार्यहरू प्रति केन्द्रित थियो जसले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाण गर्थ्यो। मर्कूसले विशेषगरी पापको परिणामबाट तिनीहरूलाई बचाउँन येशू पृथ्वीमा आउनु भएको हो भन्ने कुरा मानिसहरूले जान्नु पर्छ भन्ने कुरामा अभिरूची राखे झैं प्रतीत हुन्थ्यो।

**लूका:** प्रेरित पावलका यात्री-सङ्गीले लेखेका दुइ पुस्तकहरू मध्ये यो एउटा हो। लूका एक उत्तम शिक्षित डाकटर अनि प्रतिभाशाली लेखक थिए। तिनी मर्कूसका सुसमाचार अनि मत्तीका सुसमाचारका अनेक सामग्रीहरूसित परिचित देखिन्थे, तर तिनले तिनका अयहूदी श्रोतावर्गलाई आकर्षक लाग्ने अनि तिनीहरूले बुझ्न सक्ने विशेष अंशमात्र संलग्न गर्न चुने। अन्य सुसमाचारका लेखकहरूले भन्दा, येशूको जीवनीको विवरणको क्रमबद्धता अनि एक ऐतिहासिक वास्तविकता प्रस्तुत गर्न लूका अधिक चाहन्थे। यद्यपि येशूको जीवनका घटनामा जोर नदिएर, प्रेममय, वास्ता गर्ने व्यक्ति, मानिसहरूलाई जीवनको वास्तविक अर्थ सिकाउने अनि सबै मानिसहरूको  आवश्यकतामा सहायता गर्ने अनि बँचाउने शक्ति सहित पुग्ने स्वयं येशूमा (जोर) दिइएको छ।

**यूहन्ना:** यो सुसमाचार प्रथम तीन भन्दा अति भिन्न छ। यसलाई यसको सुन्दर तर गम्भीर भूमिकाबाट नै तुरन्त देख्न सकिन्छ। यूहन्नाले अन्य सुसमाचारहरूमा नपाइने अनेक सामग्रीहरू प्रस्तुत गरेका छन्। तिनको मुख्य रूची येशूलाई दैविक मसीह (ख्रीष्ट), “परमेश्वरका पुत्र” अनि संसारका “उद्धारक” भनी प्रमाणित गर्नु हो।

**प्रेरित:** लूकाले लेखेको यो पुस्तक तिनको पहिलो पुस्तकको अन्त भएको ठाउँ देखि शुरू हुन्छ। यो येशूले आफ्ना शिष्यहरूलाई, सुसमाचार, समस्त मानिसहरू प्रति परमेश्वरको प्रेमको सन्देशको घोषणा गर्दै सारा संसारभरि जानु भन्ने  आदेशबाट शुरू हुन्छ। येशू चाहनु हुन्छ कि उहाँको दिब्य-प्रचार जसद्वारा मानिसहरूलाई तिनीहरूको पापको परिणामबाट बचाइन्छ त्यसको विषयमा आफ्नो ज्ञान अरूहरूलाई बताउनु भनी। लूकाले, पत्रुस अनि पावल जस्ता दुइ मुख्य व्यक्तिहरूद्वारा यो कार्य पूर्ण गरिने उत्तेजनात्मक घटनाहरू प्रस्तुत गरेका छन्। तिनले यो पनि बताउँछ कि ईसाई धर्म येरूशलेममा एक सानो रूपमा प्रारम्भ भएर यहूदीया अनि सामरीयाका चारैतर्फको क्षेत्र भएर अन्तमा रोम साम्राज्यसम्म कति छिट्टो फैलिएर गयो।

नयाँ नियमका अर्कोलेख संग्रह अन्तर्गत पावलका पत्रहरू आउँछन्। प्रेरित पावल (खास नाउँ साऊल) सिलिसिया (दक्षिण पूर्व तुर्की) को तार्ससका एक उत्तम शिक्षित यहूदी थिए। येरूशलेममा शिक्षित तिनी फरिसीहरू माझका एक अगुवा थिए अनि आफ्ना प्रारम्भिक उमेरमा तिनी ख्रीष्टीय आन्दोलनका घोर विरोधी थिए। यद्यपि येशू तिनको दर्शनमा प्रकट हुनु भयो अनि तिनको जीवनको सम्पूर्ण दिशा परिवर्त्तन भयो। प्राय: दशवर्ष पछि ख्रीष्टका सन्देशको घोषणा वा प्रचार गर्न विस्तृत यात्रा शुरू गरे। यसै अवधिमा तिनले मण्डलीहरूलाई (ख्रीष्टीयहरूका समूह) अनि व्यक्ति-व्यक्तिलाई अन्गान्ती पत्रहरू लेखे। नयाँ नियममा यी मध्ये तेह्र पत्रहरू संलग्न छन्।

**रोमी:** पावलले रोमहरूलाई लेखेको पत्र सबै भन्दा लामो अनि उनका सबै पत्रहरू भन्दा पूर्ण छ। यी मध्ये अधिकांश पत्रहरू ती नगरहरूका ख्रीष्टीय समूहहरूलाई लेखिएका हुन् जसमा येशूका सन्देश अनि मण्डलीहरूको गठन गर्ने कार्य शुरू गरे। यद्यपि जब तिनले रोममा बस्ने ख्रीष्टीयहरूलाई यो पत्र लेखे तिनी त्यहाँ कहिले गएका थिएनन्। ५७ ख्रीष्टाब्दमा तिनी ग्रीसमा थिए।  आफूले चाहे झै

रोमको यात्रा गर्ने असमर्थ भएको हुँदा तिनले आफ्ना साविक शिक्षा यो पत्रमा लेखे। यो एक सावधानी पूर्वक लेखिएको ख्रीष्टीय धर्ममतका मौलिक सत्यताको प्रस्तुति थियो।

दक्षिण ग्रीसका नगर कोरिन्थका ख्रीष्टीयहरूलाई पावलले लेखेका अनेक पत्रहरू मध्ये **१ कोरिन्थी** अनि **२ कोरिन्थी** दुइ पत्रहरू हुन्। यी दुइ मध्ये प्रथम पत्रमा पावलले केही समस्याहरूको समाधानको जो त्यहाँ भएका ख्रीष्टीयहरू माझ उत्पन्न भएका थिए अनि तिनीहरू मध्ये केहीले तिनलाई पठाएका प्रश्नहरूका उत्तर सम्बन्धी कार्य गरेका कुरा थिए। यो विषयहरूमा ख्रीष्टीय एकता, विवाह, यौन-पाप, विच्छेदन, यहूदी दस्तुर आदि संलग्न थिए। अध्याय तेह्र विशेष रूचीको छ। यसमा पावलको प्रेम विषयमा प्रसिद्ध लेख छ जहाँ तिनले तिनीहरूका समस्त समस्याहरूका समाधान देख्छन्। दोस्रो पत्रले प्रथम पत्रको कोरिन्थीयहरूको प्रत्युत्तर पछ्याएको छ।

**गलाती:** गलातीयहरूलाई पावलको पत्रले गलातीयाका ख्रीष्ट्रीयहरू माझ भएको भिन्न समस्यासित सम्बन्ध राख्छ। पावलले त्यहाँ ख्रीष्टीय सन्देश घोषणा गरेका थिए अनि केही मण्डलीहरूको गठन गरेका थिए। त्यसपछि एकदल यहूदी शास्त्रीहरू त्यहाँ गए अनि केही विचारधारणाहरू सिकाए जो ख्रीष्टका साँचो शिक्षा भन्दा धेरै भिन्न थिए। समस्या जटिल थियो किनकि त्यसमा परमेश्वरसित व्यक्तिको असल सम्बन्धको आधार निहित भएको थियो। त्यस समय गलातीया जान असमर्थ भएको हुनाले पावलले दृढ़तापूर्वक त्यस समस्या प्रति यो पत्रद्वारा आफ्नो विरोध जनाए। तिनले रोमहरूलाई लेखेको पत्र जस्तै यसले ख्रीष्टीय धर्ममतको आधार वा भित्तीसित सम्बन्ध राख्छ तर अर्कै वा भिन्दै कारणका निम्ति।

**एफिसी:** पावलले आफू कैदमा हुँदा एफिसीयहरूलाई पत्रलेखे तर कहाँ अनि कहिले यो निश्चित छैन। यो पत्रको विषय-बस्तु ख्रीष्टको शासनको अधीनमा सबै मानिसहरूलाई एकत्र ल्याउने परमेश्वरको योजना रहेको छ। पावलले ख्रीष्टीयहरूलाई एक अर्कासित मेल मिलापमा आफ्नो जीवन जिउनु अनि परमेश्वरको उद्देश्य प्रति पूर्णरूपले समर्पित रहनु भनी उत्साह दिए।

**फिलिप्पी:** फिलिप्पीयहरूलाई पावलको पत्र पनि कारावासबाट लेखिएको थियो सायद रोमबाट। त्यस समय पावलले अनेक विपदहरूको सामना गरि रहेका थिए। तर तिनले परमेश्वर माथि विश्वास राखे अनि यो पत्र विश्वास अनि आनन्दले परिपूर्ण छ। फिलिप्पीका ख्रीष्टीयहरूलाई उत्साह दिन अनि तिनलाई तिनीहरूले पठाएका केही वित्तीय सहायताका निम्ति धन्यवाद ज्ञापन गर्न पावलले तिनीहरूलाई पत्र लेखे।

**कलस्सी:** पावलले कलस्सीयहरूलाई केही झूँठो शिक्षा प्रति विरोध जनाउन पत्र लेखे, जसले गर्दा एशिया माइनर (तुर्की) को एक नगर कलस्सीयको मण्डलीलाई विपत् परिरहेथ्यो। यो पत्रका अंशहरू एफिसीयलाई लेखिएको पत्रको जस्तै छ। पावलले ख्रीष्टीयहरूले जीवन यापन गर्ने तरिकाका केही व्यवहारिक पाठ दिएका छन्।

**१ थिस्सलोनिकी** अनि **२ थिस्सलोनिकी**हरूलाई पठाएका पत्र सम्भवत: पावलका प्रथम पत्रहरू मध्येका हुन्। पावलको मेसिडोनिया (उत्तरी ग्रीस) तर्फको प्रथम यात्रामा तिनले थिस्सलोनिका मानिसहरूलाई ख्रीष्टीय सन्देश सुनाएका थिए। धेरै मानिसहरूले विश्वास गरे तर अल्प समय पछि नै तिनले छाड़ेर हिँडनु पर्‍यो। पावलले मानिसहरूलाई तिनीहरूको नयाँ धर्ममत प्रति उत्साह प्रदान गरे।

तिनले मानिसहरूले नबुझेका केही कुराहरू, विशेष गरी येशूको प्रत्याशित प्रत्यागमनको सम्बन्धमा बहस-विमर्श गरे। दोस्रो पत्रले यही बहस-विमर्शलाई लगातार राखेको छ।

**१ तिमोथी**, **२ तिमोथी** अनि **तीतस**लाई पत्र पावलको जीवनको अन्ततिर तिनका नजिकका दुइजना साथीहरूलाई लेखिएका थिए। पावलले तिमोथीलाई एफिससमा छाड़ेका थिए अनिलाई क्रीटमा छाड़ेका थिए त्यहाँका मण्डलीहरूको व्यवस्था (संगठन) अनि कार्यावली सम्बन्धित केही समस्या समाधानमा सहायता गर्नु भनी। जाहेर थियो कि तिमोथी अनि तीतसको काम यी स्थानहरूका मण्डलीलाई स्वतंत्र अगुवाई अनि सञ्चालनको निम्ति तयारी गर्नमा सयाहता गर्नु थियो। तिमोथीलाई प्रथम पत्रमा अनि तीतसलाई पत्रमा पावलले अगुवाहरूको चयन अनि विभिन्न समस्या अनि स्थितिहरूको समाधान गर्ने विषयमा निर्देशनको केही मार्ग प्रदर्शिका दिएका छन्। तिमोथीलाई दोस्रो पत्र कारावासबाट लेखेका अत्यन्त व्यक्तिगत पत्र थियो जब तिनलाई आफ्नो जीवनको अन्तको अनुभव हुन लागेको थियो। त्यो पत्र परामर्श अनि उत्साहले परिपूर्ण थियो जसै तिनले तिमोथीलाई विश्वास, साहस अनि सहनशीलताको आफ्नै उदाहरण अनुसरण गर्नु भनी निवेदन गरेका थिए।

**फिलेमोन** पावलले कोलोस्सियहरूलाई पत्र लेखेकै समयमा लेखेको पत्र थियो। फिलेमोन कोलोसीयाका एक ख्रीष्टीय भागेको दास ओनेसिमसका मालिक थिए, जो पावलको प्रभावले ख्रीष्टीय बनेका थिए। त्यो पत्र ओनेसिमसलाई क्षमा दिने अनि त्यसलाई फिर्ता स्वागत गर्ने भनी फिलेमोनलाई निवेदन थियो। पावलको पत्रहरूको अतिरिक्त येशूका अन्य अनुयायीहरूले लेखेका आठवटा पत्रहरू छन्।

**हिब्रू** का ग्रन्थकर्त्ता अज्ञात छन् तर यो स्पष्ट छ कि त्यो ख्रीष्टमा विश्वास गर्ने यहूदीहरूलाई लेखिएको हो। तिनीहरूलाई येशूमा आफ्ना विश्वासबाट तानिइनेछ भन्ने विपदमा तिनीहरू थिए। यो पत्र यी ख्रीष्टीयहरूको विश्वासलाई उत्साहित अनि सुदृढ़ तुल्याउनलाई लेखिएको थियो। लेखकले सम्पूर्ण अन्य जीवन अनि व्यक्तिहरू माथि येशूको महानतामा जोर दिएका छन् । तिनले यो सिकाएका छन् कि येशू ख्रीष्टका अनन्त पुजारीत्व अनि "अन्य भन्दा उत्तम करार" पुरानो नियम-पुजारित्व अनि "प्रथम करार" भन्दा श्रेष्ठ छ। परमेश्वरमा विश्वास राख्नु अनि उहाँका निम्ति बाँच्नु भनी प्रेरणा दिएर लेखकले लेखाइ बन्द गरेका छन्।

परमेश्वर अनि येशूका एक सेवक **याकूब**को पत्रको वर्णनमा प्राय: नै "व्यावहारिक" शब्द प्रयोग भएको छ। कोही मानिसहरू तिनलाई येशूका एक भाइ सम्झन्छन्। याकूबको यहूदी पृष्ठ भूमि तिनले सिकाएका निष्पक्षता अनि न्याय, गरीबलाई सहायता, विश्वासित मित्रता, बुद्धि, आत्म संयम, अजमाइस अनि कमजोरी (लोभ) गर्ने अनि सुन्ने अनि विश्वास वा धर्म अनि कार्यँबाट स्पष्ट झल्कन्छ। तिनले मानिसहरूलाई प्रार्थना गर्न अनि धीर बन्न पनि प्रोत्साहन दिएका छन्।

**१ पत्रुस** अनि **२ पत्रुस**का पत्रहरू प्रेरित पत्रुसले ख्रीष्टीयहरूलाई लेखेका थिए जो अनेक विभिन्न स्थानमा बसेका थिए। पत्रुसले यस्ता ख्रीष्टीयहरूलाई तिनीहरूका सजीव आशा अनि स्वर्गमा तिनीहरूका वास्तविक घरको बारेमा शिक्षा दिए। तिनीहरूले सामना गरि रहेका कठिन समयको कारणले पत्रुसले तिनीहरूलाई परमेश्वरले त्याग गर्नु भएको छैन भनी आश्वासन दिन्छन्। तिनीहरूको यातनाको कारणले तिनीहरू उत्तम हुनेछन्। तिनले तिनीहरूलाई परमेश्वरले तिनीहरूलाई आशीर्वाद दिनु भएको छ अनि येशू ख्रीष्टद्वारा तिनीहरूको पापलाई क्षमा प्रदान गर्नु भएको छ भनी स्मरण गराउँछन्।

तिनीहरूले उचितसित बाँचेर प्रत्युत्तर दिनु पर्छ। पत्रुस २मा झूँठो शिक्षा प्रति पत्रुस प्रेरितले विरोध प्रकट गर्छन्। तिनले सत्य ज्ञान अनि ख्रीष्टको दोस्रो आगमन बारे शिक्षा दिन्छन्।

**१ यूहन्ना**, **२ यूहन्ना** अनि **३ यूहन्ना** का पत्रहरू प्रेरित यूहन्नाद्वारा लेखिएका थिए। यूहन्नाका प्रेमका पत्रहरूले, विश्वासीहरूलाई, परमेश्वरले तिनीहरूलाई सदैव स्वीकार गर्नु हुने छ भनी विश्वास दिलाउँछन्। यूहन्नाले यो शिक्षा दिन्छन् कि आफ्ना वरिपरिका मानिसहरूलाई प्रेम गरेर परमेश्वर प्रतिको तिनीहरूको प्रेम दर्शाउनु अनि परमेश्वरले चाहेको कामहरू गर्नु भनी। दोस्रो अनि तेस्रो पत्रहरूले ख्रीष्टीयहरूलाई एक-अर्का प्रति प्रेम गर्नु भनी निवेदन गर्छ अनि झूठो शिक्षा र अनईश्वरीय व्यवहार विरूद्ध तिनीहरूले (पत्रहरूले) चेतावनी दिन्छ।

**यहूदा** पत्रका लेखक याकूबका भाइ शायद येशूका एक भाइ हुन्। यो पत्रले विश्वासीपनाको प्रोत्साहन दिन्छ अनि विपद सृष्टि गर्ने र झूँठो शास्त्री (शिक्षक)हरू विरूद्ध बोल्छ।

प्रेरित यूहन्नाको प्रकाशित वाक्य वा **प्रकाश** नयाँ नियमका सबै अन्य पुस्तकहरू भन्दा भिन्दै छ। यो पुस्तकले अत्यन्त अलङ्कृत भाषाको प्रयोग गरेर यूहन्नाले देखेको दिव्य दर्शनको बारे बताउँछ। अनेक आकृति अनि प्रतिबिम्बहरू पुरानो निमयबाट लिइएका छन् अनि त्यसलाई पुरानो नियमका लेखहरू सँग तुलना गरेर राम्रोसित बुझ्न सकिन्छ। यो पुस्तकले ख्रीष्टीयहरूलाई परमेश्वर अनि येशू ख्रीष्ट, तिनीहरूका अगुवाहरू अनि सहायकहरूका पराक्रमद्वारा नराम्रा-शक्तिहरू माथि अन्तिम विजय प्राप्तिको विश्वास दिलाउँछ।

## बाइबल अनि आधुनिक पाठक

बाइबलका आजका पाठकहरूले यो मनमा राख्नु पर्दछ कि यी पुस्तकहरू हजारौं वर्ष अघि लेखिएका थिए ती मानिसहरूका निम्ति जो हामीहरूको भन्दा अत्यन्त भिन्नै संस्कृतिमा बाँचेका थिए। साधारणत: यी लेखहरू ती सिद्धान्तहरूमा केन्द्रित छन् जो शाश्वतरूपले सत्य छ। यद्यपि तिनीहरूलाई बुझ्नका निम्ति तिनीहरूको तुलना, तिनीहरूले प्रयोग गरेका ऐतिहासिक विवरण, उदाहरण अनि उद्धरण, त्यस युगको संस्कृति अनि त्यस युगको केही ज्ञान, जुन युगका ती मानिसहरू थिए, द्वारा मात्र सम्भव हुन्छ। उदाहरणको निम्ति येशूले एक मानिसको कथा सुनाउनु हुन्छ जो एक यस्तो खेतमा अन्न रोपिरहेछ जहाँ माटोको अवस्था भिन्न-भिन्न छ। वास्तवमा ती अवस्थाहरूसित आजका मानिसहरू परिचित नहोला, तर यो उदाहरणद्वारा येशूले जो शिक्षा प्रदान गर्नुहुन्छ त्यो प्रत्येक समय (काल) अथवा स्थानका मानिसहरूमा उपयुक्त जँचिन्छ।

आजका वा आधुनिक पाठकहरूले बाइबलको दुनियालाई केही अनौठो पाउन सक्छन्। त्यस समयका दस्तुर, प्रबृत्ति, मानिसहरूको बात गर्ने तरिका अपरिचित लाग्न सक्छ तर यो तर्क संगत छ कि यी कुराहरूलाई आधुनिक माप-दण्डद्वारा होइन, त्यस समय अनि स्थानको मापदण्ड अनुसार मुल्याङ्कन गर्नु पर्छ। यो कुराको पनि ध्यान राख्नु पर्छ बाइबल विज्ञानको पुस्तकको रूपमा लेखिएको होइन। समस्त मानिसहरूका निम्ति ऐतिहासिक घटनाहरूको वर्णन गर्नु अनि ती घटनाहरूको महत्व प्रस्तुत गर्नुलाई यो विशेषरूपले लेखिएको हो। यसको शिक्षामा विश्व-व्यापी सत्यसित संलग्न वा आधारित छ जो विज्ञानको सीमा देखि बाहिर छ। यो आधुनिक युगमा पनि प्रासङ्गिक रहेको छ किनभने यसले ती बुनियादी आध्यात्मिक आवश्यकतासित सम्बन्धित छ जो कहिल्यै परिवर्त्तन हुँदैन।

कुनै पनि व्यक्ति जसले प्रत्यक्ष वा वस्तुनिष्ठ रूपले बाइबलको पाठ गर्छ उसले अनेक लाभको अपेक्षा गर्न सक्छ। तिनीहरूले प्राचीन संसारको इतिहास अनि संस्कृतिको बारे ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले येशू ख्रीष्टको जीवन, शिक्षा अनि उहाँका विश्वासीहरूलाई त्यसको मतलब के थियो त्यसको बारे शिक्षा पाउने छन् वा जान्ने छन्। तिनीहरूले बुनियादी आध्यात्मिक अन्तर-दृष्टि प्राप्त गर्नेछन् अनि सशक्त आनन्दमय जीवन बाँच्ने व्यवहारिक ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले जीवनको अत्यन्त कठिन प्रश्नहरूको उत्तर पाउने छन्। यसर्थ यो पुस्तकको पाठ गर्नमा अनेक असल कारणहरू छन्, अनि व्यक्ति जसले यसलाई खुल्ला हृदय अनि जिज्ञासासाथ पाठगर्छ उसले तिनीहरूको जीवनका निम्ति परमेश्वरको उद्देश्य आविष्कार गर्न (जान्न) सक्ने छ।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html